


**Population:**
8,460 (2000)
10,420 (2010)
12,800 (2020)
**Countries:** China
**Buddhism:** Tibetan
**Christians:** none known

**संक्षेप:**

**अन्य नामहरू:** Zhaba, Hokow

**जनसंख्या:**
चीन : १२,५०० (PeopleGropus.org)

**उपभाषाहरू:** ०

**तिब्बती बुद्ध धर्म:**१००%

**इसाई धर्म:** ०%

**बाइबल:** छैन

**येशू चलचित्र:** छैन

**सुसमाचारिय रेकर्डिङ:** छैन

**ख्रीष्टिय प्रसारण:** छैन




इन्टरनेशनल मिशन बोर्डको विवरणअनुसार १२,५०० जना छुएयु भाषा बोल्ने मानिसहरू चीनमा छन्।

छुएयु जातिका मानिसहरू शिचुआन प्रान्तको ठूलो भू-भाग भएको कन्सु अञ्चलको शिन्लोङ्, याच्याङ् र लिताङ् जिल्लाहरूमा बसोबास गर्छन्। मुख्यत: यिनीहरू यो-लाशी र शी-तोशी गाउँहरूमा बढी सङ्ख्यामा बस्छन्। सन् १९९० मा करिब २,४८६ मानिसहरू यहाँ बसोबास गर्थे। लिताङ् सहर समुद्रदेखि ४,७०० मिटर उचाइमा छ।

छुएयु मानिसहरू बसोबास गर्ने भू-भाग सन् १९५० मा चीनसँग जोड्नुभन्दा अगाडि खम प्रान्तमा थियो। चीनको शासनमा यो ठाउँले कठोर मानव अधिकारको उल्लङ्घनलाई सामना गर्नुपऱ्यो। यसरी धेरै तिब्बतीहरू मारिनुका साथै कैदमा परे।

तिब्बती बुद्ध धर्मलाई पछ्याउने कुरालाई मात्र आधार मानेर यिनीहरूलाई तिब्बतीहरूको सूचीमा राखिएका छन्।

सबै छुएयु जातिका मानिसहरू तिब्बतीय बुद्ध धर्मलाई पछ्याउँछन्, तर पनि यिनीहरूको धार्मिक संकृतिमा तन्त्र मन्त्रहरू सम्बन्धित संस्कृतिहरू पनि मिसिएको छ।

प्रोटेस्टेन्ट र क्याथोलिक मिशनरीहरूले लिताङ् भू-भागहरूमा सन् १९५०




सालसम्म सेवा गरे। आजको दिनहरूमा लिताङ् जिल्लामा खम्पा तिब्बतीहरूको बीचमा एउटा सानो प्रोटेस्टेन्ट मण्डली छ, र याच्याङमा पनि थोरै क्याथोलिक इसाईहरू छन्। तर पनि यो भागको प्राय: मानिसहरूले ख्रीष्टको बारेमा सुनेका छैनन्, र छुएयु जातिका मानिसहरूको बीचमा विश्वासीहरू कोही पनि छैन।